**प्रेस विज्ञप्ति**

**मिति ३१ मार्च २०२२**

**गैरआवासीय नेपाली संघका नवनिर्वाचित पदाधिकारीद्वारा सम्माननीय प्रधानमन्त्री लगायत विभिन्न राजनैतिक दलका नेताहरुसँग भेटघाट**

गैरआवासीय नेपाली संघ (एनआरएनए) का नवनिर्वाचित अध्यक्षत्रय कुल आचार्य, रविना थापा तथा डा। बद्री केसी लगायत अन्य पदाधिकारीहरुले सम्माननीय प्रधानमन्त्री एवं नेपाली कांग्रेसका पार्टी अध्यक्ष शेरवहादुर देउवासहित विभिन्न दलका नेताहरुसँग भेटवार्ता गरेका छन् । सो क्रममा संघका तर्फबाट विभिन्न ५ बुँदे ज्ञापनपत्र समेत बुझाइएको छ । नवनिर्वाचित पदाधिकारीहरुले प्रधानमन्त्री देउवासहित कांग्रेसका तथा वरिष्ठ नेता रामचन्द्र पौडेल र पूर्व प्रधानमन्त्री एवं नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्प कमल दाहाल (प्रचण्ड)सँग भेट गरेको छ ।

यसैगरी पूर्व प्रधानमन्त्री एवं नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली, पूर्व प्रधानमंत्री तथा नेकपा (एकीकृत समाजवादी( का वरिष्ठ नेता झलनाथ खनाल, कानून न्याय तथा एवं संसदीय व्यवस्था मंत्री दिलेन्द्र प्रसाद बडू, शहरी विकास मन्त्री रामकुमारी झाँक्री सञ्चार तथा सूचना मन्त्री ज्ञानेन्द्र बहादुर कार्की र गृह मन्त्री बालकृष्ण खाँडसँग भेटघाट गरिएको छ । यस्तै, कांग्रेसका प्रवक्ता डा प्रकाशशरण महत, राष्ट्रिय प्रजातन्त्र पार्टीका उपाध्यक्ष बुद्दिमान तामाङ र पशुपति क्षेत्र विकास कोषका सदस्य सचिव डा मिलनकुमार थापासँग भेटघाट भएको छ ।

उक्त अवसरमा संघका तर्फबाट बुझाइएको ज्ञापनपत्रमा निम्नानुसारका माग गरिएको जानकारी गराउँदछौं ।

- नेपालको संविधान २०७२ मा व्यवस्था भएको गैरआवासीय नेपाली नागरिकतालाई छुट्टै विधेयक बनाएर संसदबाट छिट्टै पारित गरिदिने सम्बन्धमा ।
- पशुपति क्षेत्रमा एक सय कोठाको आधुनिक सुविधायुक्त एक वृद्धाश्रम बनाउन जग्गा उपलब्ध गराई दिने सम्बन्धमा
- कम्तीमा १० अर्बको एनआरएन नेपाल विकास कोषको कार्यान्वयनमा देखिएका वाधा व्यवधान हटाउने सम्बन्धमा ।
- वैदेशिक रोजगारबाट प्राप्त विप्रेषण सटहीमा प्रति अमेरिकन डलर २ पैसा संघको वैदेशिक रोजगार कल्याणकारी कोषमा जम्मा गर्नको लागि सहजीकरण गरिदने सम्बन्धमा ।
- गैरआवासीय नेपाली सम्बन्धि ऐन को धारा ४ मा उल्लेख भए बमोजिम गैरआवासीय नेपाली परिचयपत्र वाहकले प्राप्त गर्ने १० वर्ष अवधि भएको भिसालाई पहिलेको जस्तै व्यवस्था गरिदिने सम्बन्धमा ।
- वैदेशिक रोजगार सुरक्षा कार्यक्रम संचालनमा ल्याउनका लागि पहल गरिदिने सम्बन्धमा ।
- वैदेशिक रोजगारीमा जाने र फर्किने श्रमिकहरुलाई अध्यागमनमा सहज वातावरण बनाइदिने सम्बन्धमा ।
- बेलायतमा रहेका भूपू गोर्खाको मुद्दालाई टुंगो लगाई समान तलव,सम्मान र हकअधिकार लगायतका विषय सुनिश्चित गर्न पहल गरिदिने सम्बन्धमा ।

- विदेशमा विभिन्न कारणबश ज्यान गुमाएकाहरुको शव नेपालमा रहेका परिवारसम्म पुर्याउन र परिवारलाई राहत प्रदान गर्ने सम्बन्धमा ।
- विमानस्थलमा एनआरएन डेस्क स्थापना गर्ने सम्बन्धमा ।
- राहदानीमा जन्मस्थान नेपाल लेखिएका विदेशी राहदानी वाहकहरुलाई पर्यटकको रुपमा नेपाल भ्रमण गर्नु पर्दा निकै असहज महसुस हुने गरेकोले 'जन्मस्थान नेपाल' लेखिएका सबै राहदानी बाहकहरुलाई प्रवेशाज्ञा र भिसामा सहजीकरण गरिदिने सम्बन्धमा ।
- खाडी मुलुक, मलेसिया, कोरिया लगायतका मुलुकहरुबाट नेपाली श्रमिकहरुले निकै मिहेनत गरेर बचाएको कमाईबाट स्वदेश ल्याउन लागेको सामाग्रीहरुमा अत्याधिक भन्सार महशुल लगाई दुख दिने गरेको पाइएकोले त्यस्तो कार्य बन्द गरी नेपालको अर्थतन्त्रमा उल्लेख्य योगदान पुर्‍याउँदै आएका नेपाली श्रमिकहरुलाई सम्मानपूर्ण व्यवहार गर्ने सम्बन्धमा ।

यस लगायत गैरआवासीय नेपालीहरुका सरोकारका विषयमा छलफल भएको थियो । भेटघाटका क्रममा गैरआवासीय नेपालीहरुले राखेका विषयहरुप्रति सकारात्मक रहेको र राखिएका मागहरुलाई पहल गरिदिने आश्वासन दिनुभएको छ । भेटघाटमा महत्वपूर्ण समय दिनुभएको गैरआवासीय नेपाली संघ सबै प्रति हार्दिक आभार प्रकट गर्दछ ।

प्रवक्ता सोम सापकोटा
गैरआवासीय नेपाली संघ

प्रवक्ता शिवकुमार बरुवाल
गैरआवासीय नेपाली संघ